**जनता समाजवादी पार्टी, नेपालको जनकपुरधाममा सम्पन्न एकताको प्रथम महाधिवेशनपछि नवगठित केन्द्रीय समितिको ललितपुरको महालक्ष्मीस्थान ६, सानोगाउँमा असार २७ गतेदेखि ३० गतेसम्मका लागि आह्वान गरिएको प्रथम बैठकको पहिलो दिन जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले प्रस्तुत गर्नु भएको ६१ बुँदे समसामयिक राजनीतिक प्रस्तावहरू :**

**1) संघीयता कार्यान्वयन सम्बन्धमा**

1. प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ बमोजिम प्रदेश सरकारहरूलाई प्रहरी हस्तान्तरण गर्ने ।
2. संघीय निजामती ऐन संसदबाट पारित गरी कर्मचारी समायोजन सम्बन्धी कार्यहरू सम्पन्न गर्ने ।
3. प्रदेश सरकारमा मन्त्रालयहरूको संख्या घटाउने ।
4. संविधानको अनुसूची ६ र ७ को अधिकार सूचीअनुसार प्रदेशहरूलाई क्षेत्राधिकार प्रदान गर्ने ।
5. संघीय सरकारमा मन्त्रालयको संख्या घटाउने र प्रदेश मामिला सम्बन्धी विषयहरू प्रदेश सरकारलाई नै जिम्मेवारी दिने र अनावश्यक फिजूल खर्च कटौती गर्ने ।
6. संविधान बमोजिम प्रदेशलाई हस्तान्तरण गर्न बाँकी रहेका विभिन्न मन्त्रालय मातहतका निकायहरू प्रदेशलाई तुरून्त हस्तान्तरण गर्ने ।
7. संविधानको धारा ५६ (५) मा व्यवस्था भए बमोजिम विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गरी त्यसको क्षेत्राधिकार निर्धारण गर्ने ।

**2) संविधान संशोधन सम्बन्धी**

८. स्थानीय तहलाई प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहने गरी राख्न आवश्यक संवैधानिक तथा कानूनी व्यवस्था गर्ने ।

९. संविधानमा आवश्यक संशोधन गरी जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख/राष्ट्रपतीय प्रणाली, समावेशी तथा पूर्ण समानुपातिक निर्वाचन प्रणाली, समानुपातिक समावेशी प्रतिनिधित्व भएको सङ्घीय न्याय प्रणाली, राष्ट्रिय/जातीय पहिचानमा आधारित स्वायत्तता र स्वशासन सहितको राज्यको संरचना र राज्य शक्तिको बाँडफाँड लगायतका प्रावधानहरू संशोधन गरी संविधानमा व्यवस्था गर्ने । प्रदेशहरूको नामाङ्करण गर्दा पहिचान झल्कने गरी गर्नुपर्दछ ।

१०. समावेशी, संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न संविधान संशोधन गरी परिमार्जन गर्नका लागि संविधान विज्ञहरू सम्मिलित 'संविधान पुनरावलोकन आयोग'

(Constitution Review Commission) गठन गरी राय सुझाव र सिफारिसका आधारमा संविधान संशोधन गर्ने ।

**३) सामाजिक न्यायको हक सम्बन्धी**

११. समावेशी लोकतन्त्र सामाजिक सुरक्षा र सामाजिक न्यायको हक सुनिश्चित्तताका लागि संविधानको धारा ४२ र ४३ को भावना अनुकूल कानून निर्माण र कानून संशोधन गरी सामाजिक न्याय र सामाजिक सुरक्षाको हकलाई प्रत्याभूति गराउने ।

१२. पिछडावर्ग (OBC) लाई सूचीकृत गरी उनीहरूलाई समावेशिता र सामाजिक न्यायको प्रत्याभूति गराउन आवश्यक कानून निर्माण गर्ने

१३. निःसहाय, सुकुमवासी तथा भूमिहीन नेपालीहरूलाई आवश्यक भूमि उपलब्ध गराउन भूमि आयोगलाई क्रियाशील र प्रभावकारी बनाई यसै वर्षभित्र भूमिहीन तथा सुकुमवासीहरूको समस्या हल गर्ने ।

१४. जेष्ठ नागरिक तथा अशक्त, अपाङ्गता भएका व्यक्तिहरूलाई प्रत्येक महिनाको अन्तिम दिनसम्म सामाजिक सुरक्षा भत्ता अनिवार्य उपलब्ध गराउने ।

**४) निर्वाचन क्षेत्र निर्धारण सम्बन्धमा**

१५. राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन र तथ्याङ्क बमोजिम जनसंख्याको आधारमा प्रतिनिधित्व गर्न पाउने हक लोकतान्त्रिक प्रणालीको मूल सिद्धान्त र भावनाअनुसार संसदीय /प्रादेशिक निर्वाचन क्षेत्रको पुनर्निर्धारण गरिनु पर्दछ ।

१६. राष्ट्रिय सभामा प्रदेशको जनसंख्याको अनुपातमा प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्दछ ।

**५) शिक्षा सम्बन्धी :**

१७. शिक्षा क्षेत्रमा भइरहेको व्यापारीकरण र माफियाकरणलाई अन्त्य गरी सरकारले सञ्चालन गरेको विद्यालय, कलेज र विश्वविद्यालयहरूमा पर्याप्त मात्रामा आवश्यक योग्य विषयगत शिक्षक, प्राध्यापक एवं जनशक्तिको व्यवस्थापन गर्ने, सरकारी विद्यालय र कलेजहरूमा उच्चस्तरको गुणस्तरीय तथा आजको युगको आवश्यकता अनुरूप शिक्षाको व्यवस्था सरकारले नै गर्ने ।

१८. सरकारले सबै प्रदेशहरूमा प्रादेशिक सीप तालिम केन्द्र स्थापना र सञ्चालन गरी स्वदेशी वा वैदेशिक रोजगारमा जानेहरूलाई आवश्यक सीप तालिमको व्यवस्था गर्ने ।

गरिबी रेखामुनि रहेका दलित तथा विपन्न वर्गलाई सरकारले निःशुल्क तालिम उपलब्ध गराउने ।

१९. सम्पूर्ण पालिकाहरूसम्म इन्टरनेट पहुँचको व्यवस्था गर्ने र अध्ययनरत विद्यार्थीहरूका लागि सहुलियत दरमा इन्टरनेट सेवा उपलब्ध गराउने ।

२०. सरकारले प्रत्येक प्रदेशमा प्रदेशस्तरीय, जिल्ला तथा पालिकास्तरसम्मका लागि खेलकुद मैदान, पार्क, प्रशिक्षण केन्द्र आदिको व्यवस्था गर्ने ।

२१. नेपालमा प्रत्येक प्रदेशहरूमा मेडिकल कलेजको स्थापना गर्ने र हाल सञ्चालनमा रहेको मेडिकल कलेजहरूलाई आ-आफ्नो क्षमता अनुसार विद्यार्थी भर्ना लिने, अध्ययन अध्यापन गर्ने व्यवस्था मिलाउने ।

२२. उच्च मा.वि.तहसम्मको शिक्षालाई सरकारले नै व्यवस्थापन र सञ्चालन गरी प्रदेश सरकारको मातहत राख्ने । यसका अतिरिक्त संघीय सरकारले प्रत्येक प्रदेशमा संघीय सरकारको सञ्चालन र व्यवस्थापनमा रहने गरी विश्वविद्यालय, कलेजहरू, केन्द्रीय तथा आवासीय विद्यालयहरू स्थापना गर्ने ।

२३. उच्च तहको शिक्षालाई रोजगारसँग जोड्ने र Part time job, part time education को पनि व्यवस्था मिलाउने ।

२४. विद्यालय शिक्षकहरू खुल्ला प्रतिस्पर्धाबाट मात्र भर्ना गर्ने र भर्ना भएका शिक्षकहरूलाई आवश्यक तालिम दिएर मात्र विद्यालयमा पठाउने, शिक्षकहरूको तलब, सेवा सुविधा निजामती कर्मचारी सरह हुने गरी व्यवस्था गर्ने । राज्यले नै मातृभाषामा शिक्षाको व्यवस्था गर्ने ।

**६. स्वास्थ्य सम्बन्धीः**

२५. संविधानको धारा ३५ (१) अनुसार प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य निशुल्क उपलब्ध गराउन सबै सरकारी अस्पतालहरूबाट वितरण हुने गरी निःशुल्क औषधिको पर्याप्त मात्रामा व्यवस्था गर्ने ।

२६. सरकारले स्वास्थ्य सेवाका लागि अति विशिष्ट (Super Speciality) अस्पताल, प्रादेशिक अस्पताल, पालिकास्तरसम्मका अस्पतालहरूलाई आवश्यक पर्ने औषधी, उपकरण, प्रयोगशाला, जनशक्ति र तालिम उपलब्ध गराउने ।

२७. सरकारले प्रत्येक प्रदेशमा सरकारले कम्तिमा एउटा अति विशिष्ट अस्पताल, एउटा स्वास्थ्य विज्ञान प्रतिष्ठान र एउटा वैकल्पिक चिकित्सा अध्ययन एवं उपचार केन्द्र स्थापना गरी सञ्चालन गर्ने ।

२८. आर्थिक अभावले गर्दा उपचार गराउन असमर्थ अति विपन्न वर्ग, गरिब, असक्षम र असहायहरूलाई स्वास्थ्य उपचारको सम्पूर्ण व्यवस्था सरकारले नै गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

**७. कृषि सम्बन्धीः**

२९. कृषि उत्पादन वृद्धि गर्न सरकारले सिँचाइ नहर निर्माण, नदी नियन्त्रण गरी स-साना सिँचाई आयोजना, भूमिगत सिँचाई आयोजना, नदीहरूमा तटबन्ध निर्माण लगायतका आवश्यक कार्यहरू गरी खेतमा सिँचाइको व्यवस्था गर्ने ।

३०. सरकारले नेपालमै रसायनिक मल कारखाना स्थापना गर्ने, कृषि उत्पादनका लागि आवश्यक पर्ने मल खाद्यको पर्याप्त भण्डारण गरी आवश्यकतानुसार कृषकहरूलाई समयमै उपलब्ध गराउने । माटो जाँच, कृषि प्राविधिक सेवा आदि सेवाहरू स्थानीय तहमै उपलब्ध गराउने व्यवस्था गर्ने ।

३१. सरकारले अन्न, फलफूल, तरकारी, अण्डा, माछा, मासु आदिका लागि कृषि बजारको स्थापना र व्यवस्थापन गर्ने, किसानहरूलाई बिचौलियाको शोषणबाट मुक्त गर्ने ।

३२. कृषि उत्पादन हुने प्रत्येक पालिकाहरूमा शीत भण्डार (Cold store) को निर्माण गरी सञ्चालन गर्ने ।

३३. कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण, औद्योगिकरण गरी देशको अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने, गरिबी र बेरोजगारी समस्याहरूको समाधान गर्न कृषि क्षेत्रको ठूलो योगदान हुनेहुँदा भूमि तथा कृषि नीति र कानून निर्माण गरी कार्यान्वयन गर्ने ।

३४. ग्रामीण विकास बैंक, साना किसान विकास आयोजना, कृषि विकास परियोजना आदि स्थापना गरी प्रभावकारी रूपमा परिचालन गर्ने र उक्त संस्थाहरूको माध्यमबाट किसानहरूलाई सस्तो ब्याजदरमा कृषि ऋण, तालिम र सहुलियत प्रदान गर्ने ।

३५. कृषि र कृषिमा आधारित उद्योगहरू स्थापना र सञ्चालन गर्न सरकारले बैंकहरू मार्फत ऋण, प्रविधि लगायतका अन्य आवश्यक सहुलियतहरू प्रदान गर्ने ।

**८. उद्योग, कलकारखाना सम्बन्धी**

३६. विगतमा मुनाफामा चलेका तर हाल बन्द रहेका उद्योगहरूलाई पुनः सञ्चालन गर्न आवश्यक व्यवस्था सरकारले गर्ने ।

३७. उद्योग व्यवसाय क्षेत्रमा देखा परेका वा लगानीकर्ताले बेहोर्नु परेका हड्ताल, तालाबन्दी, प्रशासनिक झन्झट र सरकारी भ्रष्टाचार तथा ढिलासुस्तीलाई अन्त्य गर्ने र यस सम्बन्धमा सरकारको तर्फबाट गर्नुपर्ने प्रशासनिक लगायतका कार्यहरूका लागि कार्य सम्पन्न गरिसक्ने गरी समय सीमा निर्धारण गर्ने ।

३८. उद्योग, कलकारखाना सञ्चालन गर्न लगानीकर्तालाई प्रोत्साहन गर्ने, आवश्यक कानुनी विधि र प्रक्रिया पूरा गरी निवेदन दिएको १५ दिनभित्र सरकारले आवश्यक पर्ने सबै प्रक्रियाहरू पूरा गरी अनुमति प्रदान गर्ने र उद्योग कलकारखाना सञ्चालन गर्न आवश्यक पर्ने भूमि, विद्युत आपूर्ति, बैंक ऋण आदिको प्रबन्ध ३० दिनभित्र उपलब्ध गराउनुपर्ने व्यवस्था गर्ने ।

३९. COVID-19 महामारी, प्राकृतिक प्रकोप लगायतका असरहरूबाट प्रभावित भई उद्योग व्यवसाय सञ्चालन गर्न नसकेका उद्योगहरू, कम्पनी वा संस्थाहरूलाई करमा लगाएको जरिवाना छूट दिने । कर किस्ताबन्दीमा तीर्न सक्ने व्यवस्था गर्ने ।

४०. शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, कलकारखाना तथा उत्पादन क्षेत्रमा स्वदेशी र वैदेशिक लगानीकर्ताहरूलाई लगानी गर्न लगानीमैत्री वातावरण निर्माण गर्ने र लगानीका लागि सरल व्यवस्था गर्ने ।

४१. बैंकहरूको ब्याजदर सिंगल डिजिटमा झार्ने ।

**९) बहुभाषिक नीति सम्बन्धमा :**

नेपाल बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक, बहुराष्ट्रिय/जातीय विविधतायुक्त मुलुक भएको हुँदा राज्यको एकल भाषिक नीतिलाई अन्त्य गरी नेपाली भाषा सँगसँगै नेपालमा बोलिने र प्रचलनमा रहेका अन्य भाषाहरुलाई पनि शिक्षणको माध्यम र सरकारी कामकाजी भाषाको रुपमा राज्यले मान्यता दिनुपर्दछ ।

**१०) हवाई, सडक यातायात सेवा सुरक्षा सम्बन्धमा :**

नेपालमा हवाई तथा सडक दुर्घटनाहरू पटक-पटक भइरहेका छन् । जसबाट अत्यधिक जनधनको क्षति भोग्नु परिरहेको छ । सरकारले सुरक्षित हवाई तथा सडक यातायात

सेवाको सम्बन्धमा नीति, कार्यक्रमका साथै प्राविधिक त्रुटीहरू हुँन नदिने तर्फ ठोस कार्य गर्नुपर्दछ ।

**११) अन्य आवश्यक कार्यहरू**

४२. सुशासन र सदाचारको लागि भ्रष्टाचार, कमिशनतन्त्र, नेता र व्यापारिको स्वार्थको जालो (Crony capitalism), विचौलिया तथा प्रशासनिक असक्षमता र ढिलासुस्ती लगायतका कार्यहरूलाई कडाईका साथ नियन्त्रण गर्ने, निर्मूल पार्ने ।

४३. सरकारी बजेट मार्फत् सङ्घ, प्रदेश र स्थानीय तहमा हुने सबै खरिद एवं निर्माण कार्यहरू टेण्डर प्रक्रियाबाट मात्र गर्नुपर्ने व्यवस्था गर्ने ।

४४. महँगी नियन्त्रण गर्न आपूर्ति व्यवस्थामा सुधार गरी बजार नियन्त्रण, मूल्य नियन्त्रण लगायतका आवश्यक कार्यहरू गर्ने ।

४५. सार्वजनिक सेवा प्रभावमा सुधार गरी सेवाग्राहीलाई अधिकतम् ५ दिनभित्र सेवा प्रदान गरी सक्ने गरी व्यवस्था मिलाउने ।

४६. सबै नेपाली नागरिकहरूलाई राष्ट्रिय परिचय पत्र उपलब्ध गराउन प्रत्येक पालिकास्तरमै व्यवस्था गर्ने ।

४७. हुलाकी सडक लगायत राष्ट्रिय गौरवका आयोजनाहरूलाई तीन वर्षभित्र सम्पन्न गरि सक्ने गरी योजना बनाउने ।

४८. युवा स्वरोजगार कार्यक्रम अन्तर्गत युवाहरूका लागि पुँजी, तालिम लगायतका कार्यक्रमहरूको योजना निर्माण र सञ्चालन गर्ने ।

४९. दैनिक उपभोग्य वस्तुहरूको आपूर्ति सहज र पर्याप्त मात्रामा गर्ने, कालोबजारी, कृतिम अभाव सिर्जना गर्ने र सोही अनुसार बिक्री वितरण गर्ने/गराउनेहरूलाई कानूनी कारबाही गर्ने ।

५०. तराई/मधेश पूर्वाधार विकास कार्यक्रम लागू गरी यस क्षेत्रको विकास निर्माणका कार्यलाई तीव्रताका साथ अगाडि बढाउने ।

५१. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई प्रभावकारी र क्रियाशील बनाई सङ्घ र प्रदेशबीच स्रोत, साधनको पूर्वाग्रहरहित भई न्यायोचित वितिय संघीयताको मूल्य र मान्यता अनुरूप बाँडफाँडको नीति निर्धारण गरी कार्यान्वयन गर्ने ।

५२. भारतीय सीमासँग जोडिएका नाकाहरूबाट नेपालीहरूलाई आफ्ना उपभोगका वस्तुहरू ल्याउन रू. एक लाखसम्मको भन्सार छूट दिने व्यवस्था गर्नुपर्ने ।

५३. भारतीय पर्यटक एवं तीर्थयात्रीहरूलाई नेपालमा आउँदा भारतीय रूपैयाँको सटही गर्ने व्यवस्था मिलाउने ।

५४. सरकारले गर्ने सम्पूर्ण राजनीतिक तथा संवैधानिक नियुक्तिहरू दलीय भागवण्डा तथा आफ्नो नाता गोता वा लेनदेनका आधारमा नगरी निजले गरेको योगदान, योग्यता, क्षमता र अनुभवको आधारमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा गर्ने ।

५५. बारा जिल्लाको कबई, सिम्रौनगढ, बाँके जिल्लाको सुईया बघौडा लगायत भारतीय सीमासँग जोडिएका तराई/मधेशका नाकाहरूमा भन्सार, छोटी भन्सार स्थापना गरी सञ्चालन गर्ने ।

५६. तराई/मधेश क्षेत्रमा खटिएका प्रहरी, सरकारी कर्मचारी र प्रशासनलाई स्थानीय जनताप्रति जिम्मेवार, अनुशासित मर्यादित बनाउने, त्यस क्षेत्रमा हुने गरेका प्रहरी प्रशासनको ज्यादती र दमन बन्द गराउने ।

५७. हाल देशका विभिन्न भागहरूमा देखा परेका प्राकृतिक प्रकोप, बाढी, पहिरो वा भू-स्खलनका कारण निकै धनजनको क्षति हुनका साथै विकासका पूर्वाधारहरू क्षतिग्रस्त भएका छन् । यसबाट जनतालाई तत्काल उद्दार, राहत र पुनर्स्थापनाको कार्य गरी क्षतिग्रस्त भएका विकासका पूर्वाधारहरूलाई पुनःनिर्माण यथाशीघ्र गरिनुपर्दछ ।

५८. तराई /मधेशलाई मरूभूमिकरणबाट जोगाउन चुरिया क्षेत्रलाई संरक्षित क्षेत्र घोषणा गरी उत्खनन्, निर्माण तथा बसोबास आदि कार्यलाई रोक लगाउनुपर्दछ ।

५९. विगतमा भए गरेका भ्रष्टाचार, अनियमितता र अधिकारको दुरूपयोग जस्ता काण्डहरूलाई ढाकछोप नगरी निष्पक्ष रूपमा अनुसन्धान गरी दोषी उपर कानुनी कारबाही गरिनुपर्दछ ।

६०. मधेश आन्दोलनको बेला नेपाल सरकार र मधेशी जनअधिकार फोरम, नेपालबीच भएको २२ बुँदे सम्झौता, नेपाल सरकार र संयुक्त मधेशी मोर्चाबीच सम्पन्न भएको ८ बुँदे सम्झौताका कार्यान्वयन गर्न बाँकी रहेका प्रावधानहरूलाई सरकारले यथाशिघ्र कार्यान्वयन गर्नुपर्दछ ।

६१. मधेश आन्दोलनका दौरान आन्दोलनकारीहरू माथि लगाईएका मुद्दाहरू नेपाल सरकारसँग भएका सम्झौता अनुरूप सरकारले तुरून्त खारेज गर्नुपर्दछ र बन्दी बनाईएकाहरूको रिहाइका साथै रोक्का गरिएका जग्गा, धन सम्पत्तिलाई फुकुवा गरिनुपर्दछ ।